REGIONAL NEWS

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS

18:40 hrs 07.01.2025

<u>सिएम</u>

मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले पूर्वाधार, पर्यटन, खेलकुद र शिक्षामाथि ध्यान केन्द्रित गर्नका लागि राज्य स्तरीय योजना देखरेख तथा विकास समिति गठन गर्ने घोषणा गर्नुभएको छ।

उहाँले विकास परियोजनाहरूका निम्ति विस्तृत ब्लूप्रिन्ट तयार पार्न नौ सदस्यीय समष्टि स्तरीय योजना, देखरेख तथा विकास समिति तथा विकास समिति गठन गर्ने आग्रह गर्नुभएको छ।

श्री तामाङ हिजो नाम्ची जिल्लाको राभङलामा लोसूङ नाम्सूङ समारोहको समापन कार्यक्रमलाई मुख्य अतिथिको रूपमा सम्बोधन गर्दैहूनुहुन्थ्यो।

मुख्यमन्त्रीले भन्नुभयो उपचाराधीन रोगीहरूलाई सहयोग गर्नका लागि आवास सम्बन्धी चुनौतीहरूलाई सहज बनाउन सिल्गुडीमा नयाँ अतिथिगृह निर्माण गरिँदैछ।

श्री तामाङले आश्वासन दिनुभए अनुसार 2024को आम चुनाउ अघि नयाँ घरहरूका लागि आबंटन आदेश प्राप्त गर्ने व्यक्तिहरूका घरको निर्माण चाँड़ै शुरू गरिनेछ।

पर्यटनको प्रवर्द्धनरा लागि उहाँले राभङलामा वृहत पर्यटन उत्सव आयोजन गर्ने प्रस्ताव राख्नु भयो।

यसअघि आफ्नो वक्तव्यमा क्षेत्र विधायक श्री रिक्शल दोर्जी भुटियाले क्षेत्र विधायक श्री रिक्शल दोर्जी भुटियाले क्षेत्रमा भइरहेका विकासीय पहलहरूबारे अवगत गराउनु भयो।

कार्यक्रममा मुख्यमन्त्रीले निर्माण सम्वन्धी विभिन्न कार्यहरूका लागि मुख्यमन्त्री विवेकाधीन अनुदान वितरण गर्नुभयो।

## गभर्नर विकसित भारत

राज्यपाल श्री ओमप्रकाश माथुरले आज राजभवनमा विकसित भारत युवा नेता सम्वाद कार्यक्रममा सहभागी हुन सिक्किमबाट चयन भएका नानीहरूलाई हरियो झण्डा देखाएर नयाँ दिल्ली प्रस्थान गराउनुभयो। बाह्र जनवरीका दिन भारत मण्डपममा हुने राष्ट्रिय युवा उत्सवका लागि राज्यबाट एकाउन्नजना विद्यार्थीहरू छनौट भएका छन्।

समारोहमा प्रधानमन्त्री श्री नरेन्द्र मोदी उपस्थित रहनुहुनेछ।

राष्ट्रिय युवा उत्सवमा भाग लिने सिक्किमका विद्यार्थीहरूलाई शुभकामना दिँदै राज्यपालले प्रधानमन्त्रीद्वारा परिकल्पना गरिएको विकसित भारतकार्यक्रमको लक्ष्यबारे अवगत गराउनु भयो र भन्नुभयो राष्ट्रका युवाहरू 2047 सालसम्ममा भारतलाई विकसित बनाउने लक्ष्य पूर्तिका लागि प्रेरक शक्ति हुन्।

श्री माथुरले छात्र छात्राहरूसित आन्तरिक क्षमता प्रदर्शित गर्ने र समग्र विकासमाथि ध्यान दिने आग्रह गर्नुभयो।

चयन भएका विद्यार्थीहरूको प्रशंसा गर्दै राज्यपालले भन्नुभयो उनीहरूको सहभागिताले सिक्किमको धनी संस्कृति र विविधता प्रदर्शित हुनेछ।

उहाँले विकसित भारत युवा नेतासम्वादमा सहभागी हुने विद्यार्थीहरूलाई राजभवनको तर्फबाट सकेसम्म सहयोग गर्ने आश्वासन दिनुभएको छ।

आजको कार्यक्रमको आयोजना केन्द्रीय युवा मामिला तथा खेल मन्त्रालयसित मिलेर राज्यको खेल तथा युवामामिला विभागले गरेको थियो।

## सिएम माह कुम्भ मेला इन्भिटेसन

उत्तर प्रदेशका पञ्चायती राज्य मन्त्री श्री ओमप्रकाश राजभर र राज्य मन्त्री (स्वतन्त्र प्रभार) श्री जेपीएस ( JPS) राठोरले आज विहान मुख्यमन्त्री श्री प्रेमसिंह तामाङसित भेट गरी प्रयागराजमा आयोजित हुने महाकुम्भमेलामा उपस्थित हुनका लागि निमन्त्रणा दिनुभयो।

महाकुम्भमेला आँउदो तेह्र जनवरीदेखि छब्बीस फरवरीसम्म आयोजित हुनेछ।

बाह्र वर्षको अन्तरालपछि यो मेला आयोजन भइरहेछ।

निमन्त्रणाका लागि कृतज्ञता प्रकट गर्दै श्री तामङले कुम्भमेलामा सहभागी हुने कुरो बताउनुभयो। उहाँले सिक्किमको शिष्टमण्डलमा सांस्कृतिक टोली र धार्मिक नेताहरू सामेल हुने योजना रहेको जानकारी दिनुभयो।

## Earthquake

नेपाल तिब्बत सीमा क्षेत्रमा आज बिहान छ बजेर पैंतिस मिनटमा आएको भूकम्पले गर्दा ज्यान गुमाउने व्यक्तिहरूको संख्या पञ्चानब्बे पुगेको छ। सूत्रको भनाईमा एक सय तीसजना घाइते भएका छन्। यसको केन्द्रबिन्दु नेपाल सीमा नजीकै तिब्बतको जिजांगमा दस किलोमिटर तल थियो।

सिक्किम लगायत बिहार, पश्चिम बंगाल र उत्तर भारतका केही भागरूमा पनि भूँइचालोको झटका अनुभव गरियो।

देशमा भूकम्पको कारणले अहिलेसम्म कुनै पनि प्रकारको क्षति भएको छैन।

## सेन्टर भारतीय नागारिक सुरक्षा

केन्द्र सरकारले राज्य र केन्द्रशासित प्रदेशहरूलाई भारतीय नागरिक सुरक्षा संहिता 2023 को धारा चार सय उनासीका प्रावधानहरूलाई लागू गर्नु भनेको छ।

यस धाराको जेलमा भीड़भाड़को समस्यालाई कम्ती गर्नका लागि विचाराधीन कैदीहरूको रिहाईका आवेदनहरूमाथि कार्रवाई गर्ने निर्देश दिन्छ। गृह मन्त्रालयले यस सम्बन्धमा सबै राज्य र केन्द्रशासित प्रदेशहरूका मुख्य सचिवहरूलाई पत्र पठाएको छ।

नयाँ नियमहरू अन्तर्गत पहिलोपल्ट अपराध गर्ने मानिसहरू आफ्नो अधिकतम सजायको एक तिहाई अवधि पूरा गरेपछि रिहाईका पात्र हुनेछन्।

वेदर

गान्तोक स्थित मौसम विज्ञान विभागबाट प्राप्त जानकारी अनुसार बितेको चौबिस घण्टामा गान्तोक र वरपर क्षेत्रमा अधिकतम तापमान चौध दशमलउ पाँच डिग्री सेल्सियस (14.5%c) र न्यूनतम तापमान सात दशमलउ पाँच डिग्री सेल्सियस रेकार्ड गरियो।

विभागले पूर्वानुमान गरे अनुसार भोलि अधिक्तम तापमान पन्ध्र डिग्री सेल्सियस र न्यूनतम तापमान सात डिग्री सेल्सियस रहनेछ।